# महाराजगंज नगरपालिका

महाराजगंज नगरकार्यपालिकाको कार्यालय

महाराजगंज, कपिलवस्तु

प्रदेश नं.५, नेपाल

## बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७७/०६/१२)

यस कार्यालयबाट आ.व. २०७७।७८ मा पुर्वाधार विकास कार्यक्रम अन्तर्गत तपसीलमा उल्लेखित स्थानको कार्य बोलपत्रद्धारा गराउनु पर्ने भएकोले निर्माण व्यवसायी ऐन २०५५ अन्तर्गत दर्ता भएका नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुले निम्न शर्तहरुको अधिनमा रही रीतपुर्वकको बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ ।

शर्तहरु :

१. बोलपत्र तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई रसीद संलग्न राखी अद्यावधिक नविकरण भएको ठेक्का ईजाजत पत्र, प्यान नम्बर दर्ता प्रमाण पत्र, मू.अ.कर दर्ता प्रमाणपत्र आ.व. २०७५/७६ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी लिखित निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र कार्यालयको राजश्व शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. यस कार्यालयबाट खरिद गरेका बोलपत्र फाराम नियमानुसार भरी खाममा सिलबन्दी गरी खामको बाहिर कामको विवरण ,ठे.न., बोलपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी बोलपत्र बिक्रीगर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका बोलपत्र सोहि दिनको २:०० बजे बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

३. सूचनामा उल्लेखित धरौटी बापतको रकम यस कार्यालयको नाममा रहेको एन.आई.सि.एशिया बैंक इमिलिया शाखाको धरौटि खाता नं.१५९२०५०५२४८८५०१२ मा नगद जम्मा गरेको **सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा ने.रा.बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा ९०/१२० दिन म्याद भएको बिड बन्ड** बोलपत्र साथ संलग्न हुनु पर्नेछ । खाममा नगद दाखिला गरेकोमा रुपैया मान्य हुने छैन।

४. बोलपत्र सर्त रहित, प्रत्येक आईटममा प्रस्टसंग भरिएको, बोलपत्र लगायत कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनु पर्नेछ । दररेट सच्याउनु परेमा सच्याइएको ठाउंमा दस्तखत भएको हुनु पर्नेछ । समय भित्र प्राप्त नभएको, रीत नपुगेको, सूचनाको शर्त विपरित भएको बोलपत्र माथि कुनै कारवाही हुने छैन ।

५. नेपाल सरकारलाई तिर्न/बुझाउनु पर्ने सबै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्नु पर्ने सबै प्रकारका करहरु बोलपत्रमा उल्लेख गरिएको दररेटमा भ्याटबाहेक समावेश गरिएको मानिने छ ।

६. बोलपत्रदाताले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझि बोलपत्र भरेको मानिनेछ ।

७. बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन खरिद र सोहि दिनको १२ बजे सम्म दर्ता गर्नु पर्नेछ ।

८. बोलपत्रको डकुमेन्ट, स्पेसिफिकेशन, परिमाण सूची (Bill of Quantities) आदिमा (भाषागत समेत) त्रुटी भएमा वा बिषय प्रसंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्नेछैन ।

९. प्राप्त बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. बोलपत्र फारामको प्रत्येक पानामा बोलपत्रदाताले छाप सहित सहि गर्नुपर्नेछ ।

११. बोलपत्रबाट निर्माण कार्यको बोलपत्रमा उल्लेखित परिमाण सूचीमा प्रत्येक आईटमको दररेट भरी नआएमा त्यस्तो बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

१२. बोलपत्र नियमानुसार लाग्ने भ्याट बाहेकको दररेट अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

१३. यसमा उल्लेख नभएका विषयको हकमा सार्वजनिक खरीद ऐन २०६३ तथा खरीद नियमावली २०६४ अनुसार हुनेछ ।

१४. अन्य जानकारीको लागी यस कार्यालयको सम्पर्क नं. ०७६–४०००३५ मा सम्पर्क राख्नु होला ।

| क्र.सं. | ठेक्का नं. | योजनाको नाम | अनुमानित ल.ई. (भ्याट र कन्टिजेन्सी बाहेक) | धरौटी रकम | बोलपत्रको मुल्य रु. |
|---|---|---|---|---|---|
| १. | 01/KPL/MM/RD/2077/78 | **औरहवा देखि बलरमवापुर, तकदिरपुर, गोलहीपुर हुदै पिच सडक सम्म सडक स्तारौन्नती** | ४२,९९,३१०/५२ | १,२०,०००/- | ३,०००/- |
| २. | 02/KPL/MM/RD/2077/78 | **चमरसठ गाउ भित्र आर.सि.सि सडक निर्माण** | ३४,४३,७९४/१६ | १,००,०००/- | ३,०००/- |
| ३ | 03/KPL/MM/RD/2077/78 | **खरिन्द्रपुर महाराजगंज सडकको चमरसठ पुल देखि करहवा,गनवारिया हुलाकीको सडक सम्म सडक स्तारोनती** | ४२,९९,५७२/७६ | १,२०,००० /- | ३,०००/- |